www.ganyapadhuramun.gov.np E-mail: ganapdhurarm@gmail.com mobile : 9848433969

# गन्यापधुरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश,
नेपाल

प.सं. :- २०८०/८१

## औषधि तथा औषधिजन्य सामग्री खरिद सम्बन्धि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८०।०५।२४)

यस गाउँ कार्यपालिकाको कार्यालयलाई आवश्यक पर्ने तपसिल बमोजिमको औषधिजन्य समानहरू आपुर्ति गर्नुपर्ने भएको हुदा ईच्छुक उत्पादन कम्पनी तथा अधिकृत बिक्रेता/सप्लायर्स फर्महरूबाट निम्न शर्तहरूको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ।

**तपसिल:**

१. गत आ.ब. मा नबिकरण सहितको इजाजत पत्र, करचुक्ता प्रमाणपत्र, अधिकृत बिक्रेता प्रमाणपत्र, आयकर/मु.अ.करमा दर्ता प्रमाणपत्र र गुणस्तर चिन्ह (ISO) प्राप्त प्रमाणहरूको प्रतिलिपी संलग्न राखी निबेदन दस्तुर रू. १०००। (एक हजार रूपैयां) पछि फिर्ता नहुने गरि बुझाई यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ। साथै निबेदन दस्तुर यस गाउँ कार्यपालिकाको नेपाल एसबिआई बैङ्क गन्यापधुरा डडेल्धुरा शाखामा रहेको आन्तरकि राजस्व खाता नं. ग १.१ ४१९९५२४१२०७००४ मा जम्मा गरेको सक्कल भौचर सहित लिखित निबेदन पत्र साथ पेस गरि दरभाउपत्र खरिद गर्न सकिने छ।

२. यो सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्ममा कार्यालय समय भित्र दरभाउपत्र फाराम खरिद गरि १६ औं दिनको १२ बजे भित्र यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ। सो दिन सार्बजनिक बिदा परेमा सम्पुर्ण कार्यहरू सो को भोलिपल्ट साबिक समयमै पेश गर्नु पर्नेछ।

३. सिलबन्दी दरभाउ फाराम पेश गर्दा पत्रदाताको ग्राह्यता सम्बन्धि आधार प्रमाणित गर्ने सम्पुर्ण कागजातहरूको प्रमाणित प्रतिलिपि समेत अनिबार्य रूपमा पेश गर्नुपर्ने छ।

४. सिलबन्दी दरभाउपत्र फाराम राखिएको खाम बाहिर कार्यालयको नाम, सप्लाई गरिने सामानको सुचना नं. र आपुर्ति सम्बन्धि दरभाउपत्र नाम उल्लेख गरी सिलबन्दी गरिएको हुनुपर्ने छ।

५. सिलबन्दी दरभाउपत्र सम्बन्धि कागजात (Bid Document) यस गाउँपालिकामा स्वयम उपस्थित भइ खरिद गर्न सकिने छ

६. यसरी दर्ता हुन आएका दरभाउपत्र १६ औं दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरू र दरभाउपत्रदाताहरूको रोहबरमा खोलिने छ। दरभाउपत्रदाताहरू अनुपस्थित रहेमा पनि कार्यालय लाई दरभाउपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन सार्बजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन सोही समयमा दरभाउपत्र खोलिने छ।

७. सिलबन्दी दरभाउपत्र पेश गर्नेले धरौटी रकम बाफत यस कार्यालयको नाममा नेपाल एसबिआई बैङ्क गन्यापधुरा डडेल्धुरा शाखामा रहेको धरौटी खाता नं. ग ३ ४१९२५२४०६००००३ मा नाम उल्लेख गरी दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट ९० दिनको मान्य अबधि रहने गरी जारी भएको बैंक जमानत (बैंक ग्यारेण्टी) पेश गनुपर्ने छ।

८. सिलबन्दी दरभाउपत्रमा उल्लेखित परिणामको सामाग्री, उपकरण आपुर्ति गर्ने प्रयोजनार्थ गाउँकार्यपालिकाको कार्यालय गणेशपुर डडेल्धुरा सम्म ढुवानी गनुपर्ने छ।

९. कबोल रकम उल्लेख गर्दा तोकीए बमोजिम लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

१०. कुनै शर्त राखि पेश गरिएको सिलबन्दी दरभाउपत्र स्विकार गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ। साथै दरभाउपत्र स्विकृत भए पश्चात पनि कार्यालयले आबश्यक सामाग्री पुर्ण वा आंशिक रूपमा थपघट गर्न सक्नेछ।

११. सुचनाको शर्त बिपरित भएको, कार्यालयबाट उपलब्ध गराएको दरभाउपत्र फाराममा कुनै थपघट गरिएको, रीत नपुगेको, म्याद नाघी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन।

१२. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्यको हकमा सार्बजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुनेछ।

१३. सिलबन्दी दरभाउ सम्बन्धि थप जानकारी आबश्यक परेमा मो. नं. ९८५९७७५००६ मा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

१४. खरिद गरिने सामाग्रीहरूको आपुर्तिको प्राबिधिक स्पेशिफिकेशन सम्बन्धि बिबरण Bid Document मा संलग्न राखिनेछ।

१५. उल्लेखित सूचनामा आबश्यक कुराहरू संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टांस गरिनेछ।

**दरभाउपत्र सम्बन्धी विवरण**

| दरभाउपत्र नं. | कामको विवरण | मु.अ.कर सहितको रकम रु. | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|
| GDRM/health/01-2080/081 | औषधी तथा औषधी जन्य सामाग्री खरिद | 1700000.00 | 42500.00 | |

.................................
दिलिप कुमार तामाङ
प्रमुखप्र.शासकीय अधिकृत

दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत